# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।२४ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नेपाल विद्युत प्राधिकरण, बुटवल वितरण केन्द्रमा सहायक लेखापाल पदमा कार्यरत सुधिर कुमार चतुर्वेदीको भारतमा अध्ययन गरी उत्तीर्ण गरेको शैक्षिक प्रमाणपत्र छानबिनको लागि पठाइएको भन्नेसमेत व्यहोराको नेपाल विद्युत प्राधिकरणको पत्र सम्बन्धमा अनुसन्धान हुँदा निज सुधिर कुमार चतुर्वेदीले नेपाल विद्युत प्राधिकरण, बुटवल वितरण केन्द्र रुपन्देहीमा मिति २०६६/०७/०९ देखि लागू हुने गरी क्लर्क (लेखा), तह-३ मा स्थायी पदमा नियुक्ति लिई कार्य गरी सहायक लेखापाल, तह-४ मा बढुवा भएका निजले विहार संस्कृत शिक्षा बोर्डबाट मध्यमा (हाइस्कूल) तहको द्धितीय श्रेणीमा उत्तिर्ण गरेको लब्धाङ्क पत्र, अस्थायी प्रमाणपत्र, श्री जगनाथ शाह संस्कृत प्रा.सह माध्यमिक विद्यालय, कौडिहार चौक महाविर नगर, रक्सौल पूर्वी चम्पारण (विहार) बाट जारी आचरण प्रमाण-पत्र र विद्यालय परित्यागसमेतको झुट्टा तथा नक्कली शैक्षिक योग्यताका प्रमाण-पत्रहरु पेश गरी हालसम्म कार्यरत रही ओहोदा, लाभ र सुविधा प्राप्त गरेको पुष्टि भएको देखिएकोबाट निज सुधिर कुमार चतुर्वेदीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे